


# राष्ट्रिय वाणिज्य बैंक लि.
# समाचार


देशको आर्थिक सामाजिक विकासमा ४८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष २०   अंक ४ बैशाख-असार २०७०   Year 20 Vol 4 May-July 2013


## अर्थमन्त्री कोईराला राष्ट्रिय वाणिज्य बैंकमा

जेठ १४ काठमाडौं

अर्थमन्त्री शंकर प्रसाद कोईरालाले सिंहदरवार प्लाजास्थित रावावैक केन्द्रीय कार्यालयमा बैंक अधिकारीहरूलाई भेटी निर्देशन दिनुभयो । सो अवसरमा अर्थमन्त्री कोईरालाले बैंकलाई कृषि जलविद्युत लगायतका उत्पादशील क्षेत्रमा र विपन्न वर्गमा कर्जा बढाउन बैकलाई निर्देशित गर्नु भयो ।



*तस्विरः कपिल ज्ञवाली*

*बाँकी अन्तिम पृष्ठमा*

## यस अंकमा


- अर्थमन्त्री कोइराला राष्ट्रिय वाणिज्य बैंकमा
- रावावैंकको विशेष साधारण सभा सम्पन्न
- रावावैंक सञ्चालक समिति पुनर्गठन
- रावावैंक पहुँच ६४ जिल्लामा
- मुद्रास्फिति बारे सामान्य जानकारी
- साथमा मानव संशाधन स्तम्भ लगायत स्थायी स्तम्भहरू




**बलेटक्सारमा ब्रान्चलेस बैंकिङ्ग शुभारम्भको एक झलक ।**

## राष्ट्रिय वाणिज्य बैंकको विशेष साधारण सभा सम्पन्न

असार २९ काठमाडौं

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विशेष साधारण सभा सिंहदरवार प्लाजास्थित केन्द्रीय कार्यालयमा सम्पन्न भयो । उक्त साधारण सभाले राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालद्वारा प्रस्तुत प्रवन्धपत्र र नियमावलीमा पुंजी संरचना परिवर्तन सम्बन्धी संशोधन प्रस्ताव सर्वसम्मतीले पारित गरेको छ । उक्त सभाले यस अघि स्वकृित पुंजी योजना बमोजिम नेपाल सरकारको रु ८७ करोड ३५ लाख ७० हजार बराबरको ८७,३५,७०० कित्ता अग्राधिकार शेयरलाई साधारण शेयरमा परिणत गरी बैंकको चुक्ता पूंजी ८ अर्ब ५८ करोड, ८९ लाख,७२ हजार ३ सय कायम गर्ने प्रस्ताव पारित गरेको छ । सो अवसरमा प्रस्तुत प्रस्ताव



सम्बन्धमा शेयर होल्डरले उठाएका विभिन्न जिज्ञासाबारे रावावैंक संचालक समितिका अध्यक्ष डा.नरहरि ढकाल र बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले जवाफ दिनुभएको थियो ।

उक्त साधारण सभामा रावावैंकका शेयरहोल्डरहरू क्रमशः नेपाल सरकार अर्थ मन्त्रालयका तर्फबाट योगेन्द्र शर्मा ओझा, महालेखा नियन्त्रकको कार्यालयका तर्फबाट कमान सिंह खत्री, श्रम तथा रोजगार मन्त्रालयको

*बाँकी अन्तिम पृष्ठमा*

## राष्ट्रिय वाणिज्य बैंक संचालक समिति पुनर्गठन

डा नरहरि ढकालको अध्यक्षतामा मिति ०६८।६।११ मा गठित राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समिति हालै पुनर्गठन गरिएको छ । डा. ढकालकै अध्यक्षतामा पुनर्गठित संचालक समिति सदस्यहरूमा ढुण्डीराज पोखेल, शिवादेवी काफ्ले, डा.जितेन्द्र प्रसाद उपाध्याय, ज्ञानेन्द्र राज कोइराला, वटुक नाथ ढकाल र हरिप्रसाद मुनकमी सदस्यको रूपमा हुनुहुन्छ । यसैबीच मिति ०७०।३।१३ मा बसेको रावावैंक संचालक समितिको बैठकले यसअघि संचालक समिति सदस्यको रूपमा रही आफ्नो कार्यकालमा निर्वाह गर्नुभएको रचनात्मक भूमिका निम्ति सर्वश्री वालचन्द्र श्रेष्ठ, विष्णुदास डंगोल, पितृभक्त पोखेल र लक्ष्मण न्यौपानेलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छ ।

# सम्पादकीय

## वित्तीय अपराध न्यूनिकरणका दिशामा

बैक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने सेवाको दायरा जति फराकिलो हुंदैछ त्यति नै वित्तीय अपराधका घटनाहरू बढ्दै छन् । यसै प्रसङ्गमा हाम्रो कुनै शाखाको एक खाताबाट केही रकम हराएको भनी सम्वन्धित खातावालबाट गरिएको दावीमा (सामान्य आंखाबाट हेर्दा खातावालको दस्तखत मिलेको पृष्ठभूमिमा) के कति सत्यता छ र यदि सत्यता रहे को को दोषी छन् त्यसबारे त अनुसन्धानका प्रकृया पूरा भए पछि सत्य तथ्य बाहिर आउने नै छ, दोषीहरू ढिलो चांडो कठघरामा आउने नै छन् । यो घटना सत्यासत्य जे भए पनि यसबाट हामीले पाठ भने सिक्नै पर्छ । आगामी दिनमा बैंकमा यस्ता अप्ठेरा आउन नदिन केही सुधारात्मक कदम पनि चाल्नै पर्छ । चेक बुक ईस्यू गर्दा सम्वन्धित खातावाललाई बाहेक हस्ताक्षर मिलेको भरमा वाहकलाई नदिने , खाता खोल्दा साक्षर ग्राहकलाई खाता नम्बरका अतिरिक्त एटिएमको पिन कोडजस्तै गोप्य संकेत नम्बर पनि दिने, खाता नम्बर पछि कोष्ठकमा उक्त संकेत नम्बर राख्न लगाउने, साक्षर ग्राहक अंग्रेजी भाषामा लेख्न जान्ने भएमा अंग्रेजीमा मात्र चेक काट्ने विशेष निर्देशन खाताबालाबाट लिने र यो जानकारी गोप्य राख्न ग्राहकलाई सिकाउने , निरक्षर ग्राहकको चेक भुक्तानीमा विशेष सतर्कता अपनाउने, चेक सुरक्षाका विधिहरू खाता खोल्दा नै सिकाउने, ग्राहकले एविविएस सेवा लिन चाहे नचाहेको खाता खोल्दा नै सूचना लिने, नचाहेको भए सोही शाखाबाट मात्र सेवा दिने, एविविएस सेवा लिन चाहेको भए कुन कुन शाखाबाट चाहेको हो, ती शाखाको नाम ग्राहकबाट लिने र सबैभन्दा महत्वपूर्ण दस्तखत नमूनालाई डिजिटल बनाउनेजस्ता उपायहरू अवलम्बन गर्‍यौं भने यस्ता दुर्घटनाहरू न्युनीकरणमा ठूलो योगदान पुग्ने देखिन्छ ।

## दुल्लुमा राष्ट्रिय वाणिज्य बैंक

असार २४ दुल्लु
दैलेख जिल्लाको एक व्यापारिक केन्द्र दुल्लुमा राष्ट्रिय वाणिज्य बैंकको एक सय पैचालिसौं शाखा कार्यालय पुनर्स्थापना गरिएको छ । पुनर्स्थापित उक्त शाखा कार्यालयको रष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका प्रमुख वीर बहादुर चन्दले शुभारम्भ गर्नुभयो । सो अवसरमा उक्त शाखामा पहिलो नम्बरमा खाता खोल्ने ग्राहकलाई सम्मानित गरिएको थियो । शुभारम्भ भएकै दिन यस शाखामा ८७ जना ग्राहकमार्फत १६ लाख निक्षेप संकलन भएको छ । पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंकले देशभरका ६४ जिल्लामा १४५ शाखा कार्यालय १० वटा काउन्टर ९ वटा ब्रान्चलेस बैकिंग मार्फत १८ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको छ । सबै शाखाबाट कुनै पनि शाखा सेवा (एविविएस) उपलव्ध गराईरहेको यस बैकका ५० स्थानमा आफनै एटिएम आउटलेट रहेका छन् ।

## होलेरीमा रावावैंक ,अब रावावैंक पहुंच ६४ जिल्लामा

रोल्पा जिल्लाको एक व्यापारिक केन्द्र होलेरीमा राष्ट्रिय वाणिज्य बैंकको एक सय चवालिसौं शाखा कार्यालय हालै पुनर्स्थापना गरिएको छ । यो विस्तारसंगै रावावैंकको शाखा संजाल ६४ जिल्लामा पुगेको छ । वि.सं २०४२ सालमा स्थापना भई कमजोर शान्ति सुरक्षाको कारण वि.सं २०५६ सालमा शाखा कार्यालय नारायणपुरमा र तत्पश्चात शाखा कार्यालय तुलसीपुरमा गाभिई संचालन हुंदैआएको उक्त शाखा स्थानीय जनताको माग एवं व्यावसायिक संभाव्यतालाई दृष्टिगत गरी होलेरीमा पुनर्स्थापना गरिएको हो । पुनर्स्थापित उक्त शाखा कार्यालयको रष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका प्रमुख वीर बहादुर चन्दले शुभारम्भ गर्नुभयो ।

## जितपुरमा राष्ट्रिय वाणिज्य बैंक

**जेठ १८ धनकुटा**
धनकुटाको व्यापारिक केन्द्र जितपुरमा राष्ट्रिय वाणिज्य बैंकको एक सय त्रिचालिसौं शाखा कार्यालय हालै पुनर्स्थापना गरिएको छ । वि.सं.२०३८ सालमा स्थापना भई कमजोर शान्ति सुरक्षाको कारण वि.सं.२०५८ सालमा शाखा कार्यालय धनकुटामा गाभिई संचालन हुंदैआएको उक्त शाखा स्थानीय जनताको माग एवं व्यावसायिक संभाव्यतालाई दृष्टिगत गरी पुनर्स्थापना गरिएको हो । पुनर्स्थापित उक्त शाखा कार्यालयको धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी रामेश्वर दंगालले समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि दङ्गाल, राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्य,धनकुटा जिल्लाका स्थानीय विकास अधिकारी,धनकुटा उद्योग वाणिज्य संघका अध्यक्ष ,जनता क्याम्पस धनकुटाका प्रमुख,जितपुर गा.वि.स.का अध्यक्ष लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो ।

## वलेटक्सारमा राष्ट्रिय वाणिज्य बैंकको शाखारहित बैकिंग

जेठ ११ गुल्मी
बैकिंग पहुंच विस्तार गर्ने उध्देश्यले राष्ट्रिय वाणिज्य बैंकले गुल्मीको वलेटक्सारमा शाखारहित बैकिंग (ब्रान्चलेस बैकिंग )सेवा आरम्भ गरेको छ । बैंकको उक्त नवौं सेवाको नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेलले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि पौडेलले बैकिंग सेवा विस्तारमा रावावैंकको प्रयासको सराहना गर्दै संचालन लागत न्यून रहेको यो सेवाबाट शाखाले दिने सबै सेवा उपलव्ध




गराउनका साथै स्थानीय स्तरमा संकलित निक्षेपभन्दा बढी रकम स्थानीय स्तरमा लगानी गर्न बैंकलाई निर्देशित गर्नुभयो । सभापतिको आसनबाट बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले देशमा वित्तीय पहुंच अभिवृद्धि निम्ति देशका गा.वि.स.हरूमा ब्रान्चलेस बैकिंग सेवा विस्तार गरिने वताउनुभयो । सो समारोहमा पूर्व सभासद् कमल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी कविन्द्र नेपाल स्थानीय समाजसेवी देवनारायण ज्ञवाली, व्यवसायी तोयनारायण ज्ञवाली, रावावैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्य लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । बैंकका व्यावसायिक प्रतिनिधि नविन न्यौपानेको संचालनमा संचालित हुने उक्त सेवाबाट गुल्मी वलेटक्सार र आसपासका ११ गा.वि.स.का दशौं हजार जनता लाभान्वित हुने छन् ।

## समाचार संक्षेप

**छलफल कार्यक्रम**
राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय मार्केटिंग तथा विकास विभागद्वारा कर्जा सेवाका प्रोडक्ट निर्माण तथा परिमार्जन सम्बन्धमा एक छलफल कार्यक्रमको आयोजना गरियो । केन्द्रीय कार्यालयको सभाकक्षमा असार ५ गते उपत्यकास्थित शाखा कार्यालयका प्रवन्धकहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा नायव महाप्रवन्धक गोपालचन्द्र शर्माले दिशा निर्देश मन्तव्य दिनुभएको थियो ।

**रावावैंकका पूर्व मुख्य अधिकृतद्वारा युवाहरूलाई प्रशिक्षण**
राष्ट्रिय वाणिज्य बैंकका पूर्व मुख्य अधिकृत रामचन्द्र सुवेदीले राधा माधव समिति नेपाल अन्तर्गतको युवाहरूको संघ डिभाईन यूथ क्लवका सदस्यहरूलाई जीवनमा सफलताका आधारबारे प्रशिक्षण दिनुभयो ।

## तेश्रो आंखा

रावावैंकका अधिकांश कर्मचारी ग्राहक मैत्री छैनन्, खासगरी वैंकको फ्रन्ट डेष्क सेवा कमजोर छ - एक सरोकारवाला, कुनै सभामा ।

## सेवा प्रवेश तालिम सम्पन्न

२७ वैशाख बोडे

"राष्ट्रिय वाणिज्य बैंक हाल देशको वित्तिय बजारमा प्रविधि , वित्तीय साधन र मानव संशाधन तीनै आधारमा सशक्त रूपमा उपस्थित भएको छ । बैंकका सबै शाखा कम्प्युटरकृत भैसकेका छन् । अधिकांश बैंकको कर्जा निक्षेप अनुपात माथिल्लो सीमामा रहंदा यस बैंकको अनुपात ५० प्रतिशतमात्र रहेकाले कर्जाप्रवाहयोग्य साधनको प्रचूरता छ , न्यून कोष लागतको कारणले यसका कर्जा सेवाहरू प्रतिष्पर्धी समेत छन् । यस परिदृश्यमा बैकले गुणस्तरीय एवं उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार गर्नु छ । बैंकका कर्मचारीको औसत उमेर हाल ४९ वर्ष रहेतापनि ३ वर्षभित्र औसत उमेर ३७ वर्षमा ल्याउने सोंचका साथ बैंकले काम गरिरहेको छ ,बैंकमा युवा कर्मचारीको वाहुल्यता त्रढाउने र खोजमूलक अवधारणा अघि बढाउने योजना अनुरूप भित्राईदैगरेको जनशक्तिको कांधमा ठूलो जिम्मेवारी छ। "




उक्त कुरा रावाबैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकले हालै खुल्ला प्रतिष्पर्धाबाट नियुक्त गरेका वित्त विश्लेषक ५, सहायक वित्त विश्लेषक १५ ,सहायक कृषि अधिकृत ६ कानून अधिकृत ४ र इन्जिनियर ३ लाई बोडेमा आयोजित सेवा प्रवेश सप्ताहव्यापी आवाशीय तालीम कार्यक्रमको शुभारम्भ समारोहमा निर्देशन मन्तव्यको कममा वताउनुभएको हो । सो अवसरमा बैकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझाले एक सक्षम व्यक्तिले पूरा समाज र देशको समग्र अवस्थामा आमूल परिवर्तन ल्याएका उदाहरण रहेको प्रसंग दोहराउंदै नव नियुक्त कर्मचारीले बैंकमा कार्यसंस्कृति विकास गर्न परिवर्तन अभिकर्ताको भूमिका निभाउनु पर्ने




वताउनुभयो। तालीम तथा विकास विभागका नायव मुख्य अधिकृत शिवराम पौडेलको संयोजनमा सम्पन्न उक्त समारोहमा का.मु.नायव महाप्रवन्धकत्रय माधवराज पन्त,गिरिजानन्द पनेरु,भेषराज पन्थी ,मानव संशाधन विभागका प्रमुख विष्णुप्रसाद वैद्य लगायतका महानुभावको समुपस्थिति थियो ।

सो तालीमको समापन समारोहमा प्रमुख कार्यकारी अधिकृत



*सपथ ग्रहण गराउँदै मा.सं.वि. का प्रमुख*

कृष्णप्रसाद शर्माले सहभागीलाई प्रमाणपत्र दिनुभएको थियो भने प्रमुख कार्यकारी अधिकृत शर्मा ,तालीम तथा विकास विभागका प्रमुख अमरेन्द्र कुमार देव र सहभागीको तर्फबाट नवनियुक्त सहायक वित्त विश्लेषक होमराज भट्टराई लगायतका वक्ताहरूले मन्तव्य दिनुभएको थियो ।

**यूनियन गतिविधि**

## राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालद्वारा प्रशिक्षण कार्यक्रमको आयोजना

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिद्वारा संघको केन्द्रीय तथा क्षेत्रीय समिति सचिवालयमा कार्यरत सदस्यहरुको कार्यदक्षता अभिबृध्दि गर्ने उध्देश्यले केही पहिले धुलिखेलमा द्विदिवशीय प्रशिक्षण कार्यक्रमको आयोजना गरियो । अर्थविद डा. विजय पौडेलको प्रमुख आतिथ्य तथा रावाबैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माको विशेषः आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संघको केन्द्रीय तथा क्षेत्रीय समिति सचिवालयका १५० सदस्यहरुको सहभागिता थियो ।
संघका केन्द्रीय अध्यक्ष नारायण प्रसाद सुवेदीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अर्थविद् डा. विजय पौडेल, प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माका साथै अन्य प्रशिक्षकहरुले देशको अर्थतन्त्र ,बैकिंग व्यवसाय तथा वर्तमान परिवेशमा कर्मचारी संघ संगठनका सदस्यहरुले बैंक र कर्मचारीको हीत प्रवर्ध्दनमा खेल्नुपर्ने भूमिकाबारे प्रशिक्षण दिनुभएको थियो ।

*(नारायणप्रसाद सुवेदीको सहयोगमा तयार सामग्री)*

## पत्रकार सम्मेलनको आयोजना

जेठ २६ काठमाडौं

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिद्वारा संघद्वारा संचालित दवाव मूलक कार्यक्रमबारे जानकारी दिने उद्देश्यले एक वृहत पत्रकार सम्मेलनको आयोजना गरियो । दर्जनौ छापा तथा विद्युतीय संचारमाध्यमका प्रतिनिधिको सहभागितामा केन्द्रीय समितिको कार्यकक्षमा संचालित उक्त कार्यक्रममा संघका महासचिव वेद लावतीले पत्रकारहरूलाई स्वागत गर्नुभएको थियो भने संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदीले प्रेस नोट प्रस्तुतीका साथै पत्रकारहरूले राखेका विभिन्न जिज्ञाशाबारे जानकारी दिनुभएको थियो । यसै बीच संघद्वारा के.का. परिसरमा विरोध सभा समेत आयोजना गरियो ।



सघंद्वारा के.का. परिशरमा आयोजित विरोध सभाको एक झलक

## नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकद्वारा दवावमूलक कार्यक्रमको समीक्षा

असार ३ काठमाडौं

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय समितिद्वारा कर्मचारीको पेशागत हीत सम्बन्धी माग पूरा गराउन संचालित दवावमूलक आन्दोलनको औचित्य र आवश्यकता ,अपनाईएका विधि ,प्रकृया र उपलब्धिबारे समीक्षा गर्ने उध्देश्यले केन्द्रीय कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरियो। आयोजक संगठनका केन्द्रीय अध्यक्ष चन्द्रराज अधिकारीको सभापतित्वमा ने.रा.क.सं .महासंघका उपाध्यक्ष अर्जुन कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा बैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझाले व्यवस्थापन कर्मचारीका समस्याप्रति संधै गम्भीर रही समाधान निम्ति प्रयत्नरत रहीआएको, धेरै समस्या समाधान भईरहेको र बांकी समस्याहरू वार्ताबाटै समाधान गर्न सकिने वताउनुभयो । शहीद स्मृतिमा मौन धारण,राष्ट्रिय गान पश्चात आयोजक संगठनका महासचिव मित्र शर्मा पौडेलको स्वागत मन्तव्यबाट आरम्भ भएको उक्त समारोहमा नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका महासचिव दिनेश विक्रम थापाले आन्दोलनका विविध पक्षबारे प्रकाश पार्नु भएको थियो । बैंकका नायव महाप्रवन्धकद्वय गोपाल चन्द्र शर्मा, गिरिजानन्द पनेरु विभागीय प्रमुख तथा कर्मचारीको समुपस्थितिमा आयोजक संगठनका महासचिव दीपेन्द्र कार्कीको संचालनमा सम्पन्न उक्त समारोहमा सचिव हारित कुमार रेग्मीले संगठनको विज्ञप्ति तथा स्वागत कविता वाचन गर्नुभएको थियो ।



तस्बिर: अशोक शिवा

# २०७०/३/१३ सम्मको सरुवा विवरण

| पद | कर्मचारीको नाम थर | क·नं· | साविकको कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| चाटर्ड एकाउण्टेण्ट | श्री निम्वल श्रेष्ठ | ११४७३ | मु·शा·का· काठमाडौं | के·का·ट्रेजरी बिभाग |
| चाटर्ड एकाउण्टेण्ट | श्री शिव कुमार मैनाली | ११३६० | संस्थागत तथा सा·म·क·बिभाग | व्यवस्थापन सूचना प्र· तथा व·बिभाग |
| चाटर्ड एकाउण्टेण्ट | श्री संजय कुमार श्रेष्ठ | ११४८२ | ट्रेजरी बिभाग | मुख्य शाखा कार्यालय, काठमाडौं |
| सह मुख्य अधिकृत | श्री बाल कृष्ण घिमिरे | ९६५६ | सूचना प्रविधी बिभाग | सामान्य सेवा बिभाग |
| सह लेखा अधिकृत | श्री यादव राज खरेल | ८७३० | शा·का· थापाथली | शा·का· पुल्चोक |
| सह लेखा अधिकृत | श्री इन्द्र वहादुर दाहाल | ९९५३ | शा·का·भोटाहिटी | शा·का· वानेश्वर |
| सह लेखा अधिकृत | श्री प्रभुदाश न्यौपाने | ९५८३ | शा·का·महाराजगंज | शा·का· भोटाहिटी |
| सह लेखा अधिकृत | श्री बिनोद प्रसाद सापकोटा | १११११४ | शा·का· किर्तिपुर | शा·का· कलंकी |
| सह लेखा अधिकृत | श्री गोपाल कुमार राई | १०६०३ | शाखा कार्यालय, टेकु | शाखा कार्यालय, बालाजु |
| सह लेखा अधिकृत | श्री टिका वहादुर गुरुङ | ६५२७ | शाखा कार्यालय, कलंकी | शाखा कार्यालय,टेकु |
| सह लेखा अधिकृत | श्री शिव कुमार श्रेष्ठ | ९५३४ | शाखा कार्यालय, नक्साल | शा·का· थापाथली |
| सह लेखा अधिकृत | श्री रामहरि शर्मा | ११०५६ | प्रमुख कार्यकारी अ·को कार्यालय | संस्थागत तथा सा·म·क·बिभाग |
| सह लेखा अधिकृत | श्री हेमन्त कुमार श्रेष्ठ | ७६९३ | ट्रेजरी बिभाग | मू·शा·का· काठमाडौं |
| सह लेखा अधिकृत | श्री मेदिनी भट्टराई | ८१७१ | वित्त बिभाग | सामान्य सेवा बिभाग |
| सह लेखा अधिकृत | श्री बाल कुमार थापा | ११०६६ | संस्थागत तथा सा·म·क· बिभाग | शा·का· कलंकी |
| सह लेखा अधिकृत | श्री मिना मोक्तान | ९२२५ | त्रि·अ·वि·स्थल | कार्ड पेमेन्ट एण्ड से·बिभाग |
| सह लेखा अधिकृत | श्री सरोज कोइराला | १११०० | संस्थागत तथा सा·म·क·बिभाग | शा·का· सूर्यबिनायक |
| सह लेखा अधिकृत | श्री प्रशान्त कुमार वास्कोटा | १०१०५ | शा·का·बिराटनगर | क्षे·का·विराटनगर |
| का·मु·स·ले·अ· | श्री मान वहादुर गुरुङ | ५५२६ | खरानीटार | क्षे·का·काठमाण्डौं |
| सहायक पांचौ | श्री शंकर प्रसाद निरौला | ५९६६ | शा·का·सिंहदरवार | शा·का·ललितपुर |
| सहायक पांचौ | श्री भुपेश कुमार फुयल | १०७१७ | शा·का·गौशाला | शा·का·मैतिदेवी |
| सहायक पांचौ | श्री सिता राम आचार्य | ८७६४ | शा·का· ललितपुर | शा·का· पुल्चोक |
| सहायक पांचौ | श्री बिदुर खत्री | ७६७७ | शा·का· पुल्चोक | शा·का·टेकु |
| सहायक पांचौ | श्री नारायण मान डंगोल | ८८२० | ठमेल | नक्साल |
| सहायक पांचौ | श्री रमेश ठकुरी | ८७२० | सूर्यबिनायक | ठिमी |
| सहायक पांचौ | श्री खेम राज खरेल | ९२५६ | मैतिदेवी | गौशाला |
| सहायक पांचौ | श्री मधुराम ढुंगाना | ९८२५ | ठिमी | सूर्यबिनायक |
| सहायक पांचौ | श्री श्रीकृष्ण रिमाल | ८७६७ | वूढानिलकण्ठ | महाराजगंज |
| सहायक पांचौ | श्री राजभाई जयना | ८७२५ | सानो ठिमी | ठमेल |
| सहायक पांचौ | श्री सूर्य प्रसाद सुवाल | ९२५९ | बनेपा | सानोठिमी |
| सहायक पांचौ | श्री निर्मला भट्ट | ९८२२ | भोटाहिटी | अ·शा·हि·मिलान बिभाग |
| सहायक पांचौ | श्री जय प्रसाद प्रसाई | ९५०३ | विर्तामोड | व्यवस्थापन सूचना प्र· तथा व·बिभाग |
| सहायक पांचौ | श्री महेन्द्र प्रसाद उपाध्याय | ६४५८ | महाराजगंज | सिंहदरवार |
| सहायक पांचौ | श्री भोला प्रसाद न्यौपाने | ९३२४ | हेटौडा | क्षे·का·विरगंज |
| सहायक पांचौ | श्री तेज वहादुर डांगी | ९४८१ | मानव सशाधन बिभाग | क्षे·का·नेपालगंज |
| सहायक पांचौ | श्री हिराकाजी डंगोल | १०२९५ | सिंहदरवार | पूल्चोक |
| सहायक पांचौ | श्री खड्ग सिंह ऐरी | ८३७३ | बेलौरी | लम्की |
| सहायक पांचौ | श्री शेर वहादुर खड्का | ६२२२ | लम्की | भजनी |
| लेखा अधिकृत | श्री सुरेन्द्र कुमार तिवारी | ८१८६ | बालाजु | तालिम तथा विकास बिभाग |
| लेखा अधिकृत | श्री विश्व प्रकाश ज्ञवाली | १११८३ | संस्थागत तथा सा·म·क·बिभाग | कृषि तथा सामाजिक बैं बिभाग |
| लेखा अधिकृत | श्री आनन्द पौडेल | ९८९७ | मैतिदेवी | ट्रेजरी बिभाग |
| लेखा अधिकृत | श्री रमेश कुमार पोखरेल | ८७४२ | ट्रेजरी बिभाग | पूल्चोक |
| लेखा अधिकृत | श्री शम्भु प्रसाद शर्मा | १००४५ | कलंकी | बित्त बिभाग |
| लेखा अधिकृत | श्री नवराज घिमिरे | ९५४९ | मानव संशाधन बिभाग | गौशाला |
| लेखा अधिकृत | श्री जनार्दन पौडेल | ९५८५ | धुलिखेल | ठिमी |
| लेखा अधिकृत | श्री दिनेश न्यौपाने | १११६७ | पुल्चोक | धूलिखेल |
| लेखा अधिकृत | श्री लक्ष्मीश्वर देवकोटा | ८७८९ | सुयंबिनायक | मैतिदेवी |
| लेखा अधिकृत | श्री लक्ष्मी प्रसाद अधिकारी | ९७९५ | त्रि·अ·वि·स्थल | क्षे·का·काठमाण्डौं |
| लेखा अधिकृत | श्री प्रमेश खड्का | ११२५१ | संस्थागत तथा सा·म·क·बिभाग | नक्साल |
| लेखा अधिकृत | श्री जगन्नाथ कुइकेल | ९८२६ | क्षे·का·काठमाण्डौं | भोटाहिटी |
| लेखा अधिकृत | श्री गणेश प्रसाद तिम्सीना | ९९५४ | वित्त बिभाग | त्रि·अ·वि स्थल |
| लेखा अधिकृत | श्री विपिन घिमिरे | १११७२ | नक्साल | त्रि·अ·वि स्थल |
| नायव मुख्य अधिकृत | श्री श्याम हरि पौडेल | ९६७२ | ठिमी | अ·शा·हि·मि·बिभाग |
| नायव मुख्य अधिकृत | श्री द्विज राज भट्ट | १०७७४ | पुल्चोक | क्षे·का·काठमाडौं |
| नायव मुख्य अधिकृत | श्री कृष्ण प्रसाद वास्कोटा | ९४९६ | नक्साल | कर्जा असुली तथा पु· सं बिभाग |
| का·मु·ना·मु·अ· | श्री महेश कुमार पोखरेल | ८१९३ | गौशाला | व्रान्च अपरेश बिभाग |
| सह मुख्य अधिकृत | श्री गुप्त वहादुर राना | ८२१० | ट्रेजरी | वानेश्वर |
| का·मु·स·मु·अ· | श्री कैलाश मान प्रधान | ५६८८ | भोटाहिटी | कृषि तथा सामाजिक बैं बिभाग |
| सहायक चौथो | श्री तोया नाथ रेग्मी | ११४९५ | वैतडी | क्षे·का·विरगंज |
| सहायक चौथो | श्री मेध नाथ ढकाल | ११५२१ | कोहलपुर | क्षे·का·नेपालगंज |
| सहायक चौथो | श्री मुकेश तिवारी | ११५२८ | सुर्खेत | क्षे·का·विराटनगर |
| सहायक चौथो | श्री विवेक शर्मा पण्डित | ११४९८ | कावासोती | पर्साढाप |
| सहायक तेश्रो | श्री जंगविर वि·क | १०९७० | सुर्खेत | नारायणपुर |
| सहायक चौथो | श्री दिपेन्द्र भट्टराई | १०५६० | फिक्कल | क्षे·का· विराटनगर |
| सहायक चौथो | श्री सुशिला सिग्देल | १०९३१ | नेपालगंज | क्षे·का नेपालगंज |
| सहायक चौथो | श्री चिन्तामणि उपाध्याय | ७३५२ | श्रीपुर वेलौरी | धनगढी |
| सहायक चौथो | श्री बुद्धि वहादुर आले | १०८०५ | गुलरिया | आवुखैरेनी |
| सहायक चौथो | श्री जगतसिंह ठगुन्ना | ११५५३ | अत्तरिया | महेन्द्रनगर |
| सहायक चौथो | श्री जनक वहादुर थापा | ८८७७ | वित्त बिभाग | कार्ड पेमेन्ट एण्ड से·बिभाग |
| सहायक चौथो | श्री देव वहादुर रोकाय | ३७२२ | क्षे·का· नेपालगंज | नेपालगंज |
| सहायक चौथो | श्री गोपाल स्वर्णकार | ८४४३ | श्रीपुर | क्षे·का· विरगंज |
| सहायक चौथो | श्री सुन्दर प्रसाद दाहाल | १०१६८ | टेकु | किर्तिपुर |
| सहायक चौथो | श्री कमल प्रसाद यादव | १०५४६ | गोरखा | गाइघाट |
| सहायक चौथो | श्री नरेश ध्वज शाही | १०४६६ | लमही | होलेरी |
| सहायक चौथो | श्री बिष्णु खनाल | ९६९९ | ठमेल | मैतिदेवी |
| सहायक चौथो | श्री कृष्ण प्रसाद उपाध्याय | ११४२६ | दैलेख | दुल्लु |
| सहायक पांचौ | श्री जगदिश भट्टराई | २७२८ | थापाथली | क्षे·का· काठमाण्डौं |
| सहायक पांचौ | श्री सिता राम आचार्य | ८७६४ | पुल्चोक | क्षे·का· काठमाण्डौं |
| सहायक पांचौ | श्री माणिक रत्न शाक्य | ६६९४ | नक्साल | क्षे·का· काठमाण्डौं |
| सहायक पांचौ | श्री उत्तम कुमार क्षेत्री | ८५८२ | श्रीपुर | क्षे·का· विरगंज |
| सहायक पांचौ | श्री अनिल कुमार घिमिरे | ६७५८ | सुख्खा वन्दरगाह विराटनगर | क्षे·का· विराटनगर |
| सहायक पांचौ | श्री कुमार दाहाल | ९३२७ | कलैया | क्षे·का· विरगंज |
| सहायक पांचौ | श्री रघु नाथ पोखरेल | ६५२४ | त्रि·अ·वि· स्थल | व्रान्च अपरेश बिभाग |
| सहायक पांचौ | श्री धन सिंह के·सी | ५६१२ | मु·शा·का· काठमाडौं | ट्रेजरी बिभाग |
| सहायक पांचौ | श्री रुपा राज भण्डारी | ९२१२ | क्षे·का· नेपालगंज | नेपालगंज |
| सहायक पांचौ | श्री श्रीधर देव भट्ट | ८०१५ | वैतडी | महेन्द्रनगर |
| सहायक पांचौ | श्री दशरथ वस्नेत | ९१०७ | सिंहदरवार | गौशाला |
| सहायक पांचौ | श्री अमर प्रसाद उपाध्याय | ८००८ | मान्म | जूम्ला |
| सहायक पांचौ | श्री मोहन राज वाग्ले | १०५४३ | क्षे·का·विराटनगर | सुख्खावन्दरगाह विराटनगर |
| सहायक पांचौ | श्री रामजी कार्की | ९०९५ | धुलिखेल | बनेपा |
| सहायक पांचौ | श्री सरस्वती पाण्डे | ३६७७ | क्षे·का·विराटनगर | देवकोटाचोक |
| सहायक पांचौ | श्री अम्विका प्रसाद सापकोटा | ६१६४ | गाइघाट | इनरुवा |
| सहायक पांचौ | श्री डम्वर वहादुर खड्का | ५८१९ | विजुवार | नारायणपूर |
| सहायक पांचौ | श्री दुर्गा प्रसाद गौतम | ६४४९ | सुर्खेत | मान्म |
| सहायक पांचौ | श्री गजेन्द्र वि·सी | १०४१९ | तुल्सीपुर | विजूवार |
| सहायक पांचौ | श्री विशेश्वर प्रसाद धिताल | ७४०५ | विजुवार | तूल्सीपूर |
| सहायक पांचौ | श्री अमृत राज पौडेल | १०५०८ | लाहान | दिङ्ला |
| लेखा अधिकृत | श्री शिव प्रसाद श्रेष्ठ | ८२११ | आ·ले·प·बिभाग | वित्त बिभाग |
| लेखा अधिकृत | श्री बिष्णु प्रसाद पाठक | १०५७५ | सूचना प्रविधि बिभाग | सामान्य सेवा बिभाग |
| लेखा अधिकृत | श्री दया राम पन्त | ११३०० | कार्ड पेमेन्ट तथा से·बिभाग | महेन्द्रपुल |
| नायव मुख्य अधिकृत | श्री लक्ष्मी प्रसाद अधिकारी | ८१७४ | आ·ले·प·बिभाग | ट्रेजरी बिभाग |
| नायव मुख्य अधिकृत | श्री पारस प्रकाश पाण्डे | ८१०९ | आ·ले·प·बिभाग | वित्त बिभाग |
| नायव मुख्य अधिकृत | श्री बद्री प्रसाद शर्मा | ८२०८ | कर्जा असुली तथा पु·सं·बिभाग | ट्रेजरी बिभाग |
| सह लेखा अधिकृत | श्री बिनोद सापकोटा | १११११४ | कलंकी | क्षे·का·काठमाडौं |
| सह लेखा अधिकृत | श्री हेम राज सुवेदी | १००२४ | अन्तर शाखा हि·मि·बिभाग | व्रान्च अपरेश बिभाग । |
| सह लेखा अधिकृत | श्री नवाफ सिंह थापा | ८२८२ | वेनीबजार | क्षे· का· पोखरा |
| सह लेखा अधिकृत | श्री रोविन घिमिरे | ११५८९ | सिन्धुली | वर्दिवास |
| सह लेखा अधिकृत | श्री रुकमांगत मुडभरी | ९१६० | क्षे·का· पोखरा | वेनिवजार |
| का·मु·स·ले·अ· | श्री कृष्ण प्रसाद पौडेल | १०३९६ | मान्म | क्षे·का·नेपालगंज |
| सहायक तेश्रो | श्री जंग विर वि·क | १०९७० | सुर्खेत | खलंगा विजुवार |

# राष्ट्रिय वाणिज्य वैंकको यान्त्रिकिकरण....केही अनुभव

**गताङ्कको बांकी**

कम्प्युटरसँग नजिक रहेका साथीहरूको अभावकै वीच सुरु भएको यान्त्रिकिकरणको यात्रा वैंकका सवै शाखाको यान्त्रिकिकरण पछि मात्र रोकिन्छ भन्ने आत्मविश्वास वानेश्वर शाखा कम्प्युटराइज्ड भएकै दिन ममा पलाई सकेको थियो । हामीलाई थाहा छ, एक्लैले चाहेर पनि घर वनाउन सकिंदैन । सवै चिजको जोहो गर्नु पर्छ । साधन र श्रोतको व्यवस्थापन विना यि कुराहरू असम्भव नै हुन । तर जनशक्ति निर्माणको हिसावले शाखा कार्यालय वानेश्वरका साथीहरूले मन, वचन र कर्मले System Implementation मा खटेकै परिणाम स्वरूप जुन सफलता प्राप्त गरियो त्यसकै अनुभवको आधारमा उपत्यका भित्रका सिंहदरवार, मैतिदेवी, वालाजु, गौशाला लगायतका शाखामा यान्त्रिकिकरण गर्ने सफलता प्राप्त भयो । वानेश्वर शाखाका साथीहरूलाई साथ लिएर अहोरात्र काम गर्नाले जुन सफलता मिल्यो यसको सवैतिरवाट सहाहना र प्रशंशा भयो फलस्वरूप अन्य शाखामा System Implementation गर्न ठूलो प्रेरणा मिल्न गयो ।

वानेश्वर शाखाका थुप्रै प्रेरक प्रसङ्ग रहेता पनि सवैको यहां वर्णन गर्न साध्य छैन तर एउटा कुरा भन्नै पर्छ उक्त शाखामा कार्यरत मित्र सुरेश न्यौपाने (जो यान्त्रिकिकरण यात्राको प्रारम्भ देखिकै सहकर्मी हुनुहुन्छ) लाई मैंले " हरेक दिन अपरान्ह ३ देखि ४ वजे कम्प्युटर सिक्नुस, काम लाग्छ ।" भन्दा वहांले आफ्ना दुवै कान समाउदै भन्नु भएको थियो " भो सर पेन्सन पाक्ने वेलामा वाउवाजेले नगरेको यस्तो काम नगराउनुस् । अरु जुनसुकै काम लगाउनुस् तर कम्प्युटर चलाउन नलगाउनुस् प्लिज ।"

मेरो विशेष अनुरोधलाई टार्न नसकेर सुरेशजी कम्प्युटर सिक्न तयार हुनुभयो । १५ दिनमा आश्चर्यजनक परिणाम देखियो । अंग्रेजी र नेपाली दुवै टाइप गर्न सक्ने भएर सुरेशजीले RBBSYS को Data Capture गर्न सुरु गरेको देखेर धेरै कर्मचारी साथीहरूमा प्रेरणाको संचार भएको थियो । यसै क्रममा इश्वरी दाहाल लगायतका साथीहरू यान्त्रिकिकरण अभियानमा थपिंदै जानु भयो । अन्ततः २०५९ सालको आषाढ मसान्तमा सवै Data Capture गरेर Balance मिलाई Verify सिध्याएर कम्प्युटर प्रणालीवाट कारोवार सुरु गरियो । चल्ती, वचत मुद्धति, कर्जा लगायतका खाताहरू कम्प्युटरमा आवद्ध भएपछि न त पासवुक भर्ने झन्झट रह्यो, न त व्यालेन्स मिलाउने, व्याज निकाल्ने र व्याज पास गर्ने झन्झट नै । ग्राहकले पेश गरेका चेक,भौचरको काम फटाफट हुन थालेपछि कामको तौर तरिकामा कायापलट भयो । जसले शाखाका सवै कर्मचारीहरूलाई एकसूत्रमा वांध्ने काम गऱ्यो र एकता नै वल वन्न पुग्यो । फलस्वरूप वानेश्वर शाखाका साथीहरू आफ्नो शाखा यान्त्रिकिकरण सकेर मात्र सन्तुष्ट हुनु भएन, समग्र वैंकको यान्त्रिकिकरण अभियानमा कोशेढुङ्गा भएर अन्य शाखाको यान्त्रिकिकरणमा समेत पर्याप्त योगदान दिनु भयो । यसको निम्ति वानेश्वर शाखाका सवै मित्रहरूलाई म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । कम्प्युटर सिक्न नचाहने उहि मित्र सुरेश न्यौपाने पछि कम्प्युटरको निकै ज्ञाता हुनु भयो । आफ्नो लगनशिलता र इमान्दारिताका कारण सुरेशजीले कम्प्युटरमा राम्रो प्रगति गर्नु भयो । यसैले गर्दा प्रारम्भ देखि हाल सम्म पनि वहां वानेश्वर शाखाको आई.टि.फोकल व्यक्तिको रूपमा निरन्तर कार्यरत हुनुहुन्छ । एकदिन सुरेशजीले साथीहरूको माझ भन्नु भएको थियो "कम्प्युटर त विचित्रको वस्तु रहेछ । यसको वर्णन गर्न त हजार जिव्रा भएका शेषनागले पनि नसक्ने रहेछन् ।" संधैभरी नगद जम्मा र भुक्तानीको काम मात्र गरेर जागिर खाई रहनु भएकि सीता मैनालीजि यान्त्रिकिकरण भएपछि Teller System मा काम गर्न पाए पछि निकै सुविधा भएकोले नयां जीवन पाएको अनुभूतिका साथ हांसि हांसि आज पनि ग्राहक सेवामा लागि रहनु भएको छ ।

वानेश्वर शाखाको प्रसङ्गमात्र उठान गरिरहंदा वास्तवमा अरु शाखाका साथीहरूप्रति अन्याय हुन सक्छ । यान्त्रिकिकरण अभियानको क्रममा म १०० भन्दा वढि शाखामा पुगें होला । मेरो अनुभवमा त कामलाई पूजा मानेर हरवखत लागि रहने र यसलाई वोझको रूपमा नलिई मनोरंजन वा खेलको रूपमा लिएर विहान वेलुका, दिन रात, झरी वादल, जाडो गर्मी केही नभनी निरन्तर रूपमा लाग्ने साथीभाईहरू प्रत्येक शाखामा हुनुहुन्छ । चाहे त्यो दार्चुला, वझाङ्ग, वाजुरा होस् वा गुल्मी, सन्धिखर्क वा परासी होस् , निजगढ, गाईघाट, जलेश्वर, सिराहा, राजविराज, खांदवारी, दिक्तेल, दमक, विर्तामोड, फिक्कल आदि जुनसुकै शाखामा लगनशिल कर्मचारीको कारणले गर्दा नै यान्त्रिकिकरणमा अभुतपुर्व सफलता प्राप्त भएको हो । यिनै साथीभाईहरूका कारण आज वैंकले आधुनिक प्रविधिको युगमा सफलतापुर्वक पाइला राख्न सफल भएको छ । अतः ति तमाम साथीहरूलाई म हृदय देखिनै अभिवादन गर्न चाहन्छु । जन्मदैं कोही जानेर आउंदैन, सवैले सिक्ने पछि नै हो । जुनसुकै वेला भएपनि नयां कुरा सिकेर आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु ज्यादै प्रशंसनीय कार्य हो । तर जसमा सिक्ने इच्छा छैन, सिकेर पनि काम गर्ने इच्छा छैन, काम गर्ने इच्छा भएर पनि लगनशिलता र इमान्दारिता छैन त्यस्ता कर्मचारी साथीहरूले आफ्नो वारेमा एकपल्ट गहिरेर सोच्ने हो कि ? यान्त्रिकिकरणको अभियान सफल भएकै कारण आज वैंकमा कायापलट भएको छ । धेरै साथीभाईले आफ्नो Attitude मा परिवर्तन ल्याएर वैंकलाई वदल्न महत्वपूर्ण भूमिका निर्वाह गरि सक्नु भएको छ । यो अभियानमा तपांई कंहा निर हुनुहुन्छ ? आज तपांईले खाईरहेको तलव भत्तामा तपांईको योगदान छ छैन ? कतै तपांईको तलव भत्ता अरुकै त्याग तपस्या र परिश्रमको फल त होइन ?

यान्त्रिकिकरणको सफलताका कारण आज वैंकको प्रतिष्ठा, निक्षेप, मुनाफा वृद्धिमा जुन योगदान भएकोछ यसवाट के मान्न सकिन्छ भने वैंक भित्र रहेको जनशक्ति कदापी पनि अयोग्य छैन, यसको समुचित प्रयोग गरेर वैंकमा अझ वढी सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । जनशक्तिको समुचित प्रयोग नभएकै कारणले गर्दा विगतमा वैंक धराशायी हुने अवस्थामा समेत पुगेको थियो । अव त्यस्तो अवस्था आउन नदिन सवै कर्मचारी साथीले आआफ्नो स्थानवाट इमान्दार प्रयास गर्न भने चुक्नु हुंदैन भन्ने मेरो मान्यता रहेको छ । जव एक पछि अर्को शाखामा RBBSYS लगाउने अभियान संचालन थियो, विभिन्न शाखाका अगुवा साथीहरूलाई काठमाडौं उपत्यकाका विभिन्न शाखा यान्त्रिकिकरण गर्न वोलाइयो । एक किसिमको Practical Training को रूपमा परिक्षण गरिएको सोही कार्यक्रममा सहभागी जनशक्तिलाई लिएर विभिन्न अभाव, समस्या र व्यवधान छिचोल्दै यान्त्रिकिकरण अभियान निरन्तर अघि वढेको थियो । सामूहिक प्रयास र Team Spirit का साथ अघि वढाइएको त्यो अभियानले वैंकलाई २०६७ सालको वैशाखमा पूर्ण रूपमा यान्त्रिकिकरण गर्न सफल भयो । त्यतीवेला एकातर्फ यान्त्रिकिकरण नभएका शाखामा RBBSYS लगाउने र अर्कोतर्फ RBBSYS लागि सकेका शाखाहरूलाई Pumori Plus III मा लैजाने दुवै कार्य संगसंगै लगिएको थियो । त्यसैले RBBSYS लागेका शाखाहरूवाट Pumori Plus III मा Migration गर्न तिव्र रूपमा दवाव आउन थाल्यो । " यो वुढि मर्नेछ, मलाई फाल्न पर्नेछ ।" भन्ने नेपाली उक्ति सम्झदै RBBSYS त लगाई सकियो भने Pumori लगाउन के गाह्रो पर्ला र ? वरु ग्राहकहरूले आधुनिक सुविधाको रूपमा ABBS, ATM, SMS Banking, E-Banking, Pay bill लगायतका सुविधा पाउने भएकोले यसवाट वैंकको छवि सुधार गर्न तथा प्रतिष्पर्धामा रहन सहयोग पुग्ने तर वैंकका शाखाहरूलाई Online गरी यि सुविधा दिन नसक्दा प्राप्त अवसरहरू समेत गुम्न सक्ने आंकलन गरी फलाम तातेकै अवस्थामा वैंकलाई चाहे वमोजिमको Shape र Size मा ल्याउन सकिन्छ भन्ने मान्यता वमोजिम IT को Team निरन्तर लागि रह्यो, शाखाहरूले उत्साहपुर्वक साथ दिए र उच्च व्यवस्थापनवाट पनि आवश्यकतानुसार Support प्राप्त भयो । अन्ततः सवैको प्रयासले सार्थकता पाउंदै वैंकका सवै शाखा Online गर्ने अभियान २०६८ को असोजमा सम्पन्न भै छाड्यो ।

वैंकको IBIS कार्यक्रम अर्न्तगतका ४० वटा शाखा वाहेकका सवै शाखामा १ वर्ष भित्र Pumori लागू गर्न सकिन्छ र यो कार्य सफल गरि छाड्छौं भनेर तत्कालिन प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन आचार्यज्यूसमक्ष दृढ निश्चय प्रकट गरेको थिंए । सो अवसरमा उपस्थित कम्प्युटर स्पेशलिष्ट सुमन श्रेष्ठले उक्त काम अत्यन्त चुनौतीपूर्ण रहेतापनि १ वर्षमा सवै शाखा Online गर्न सकिने कुरा वताउनुभएको थियो । जे होस् हामीले जुन काम गऱ्यौं त्यो अत्यन्त चुनौतीपूर्ण र जोखिमपूर्ण थियो । हाम्रो असफलताले वैंकको भविष्य अन्धकारमय हुन सक्थ्यो । तर दृढ निश्चय, सावधानी, सहकार्य र निरन्तरताका साथ व्यक्तिगत सुविधा, घर परिवार सवै त्यागेर कुनै मौसम, कुनै क्षेत्र, कुनै भुगोल, कुनै अवसरको परवाह नगरी निरन्तर रूपमा Online गर्ने अभियानका नायक स.प्रा.अ.श्री गगन सिंह घिमिरे र अन्य सहयोगी मित्रहरू, हितकाजी गुरुङ्ग, वृद्धि अधिकारी, आनन्द चौधरी, नरसिंह यादव, गुरु योगी, रामचन्द्र पौडेल, अंगद श्रेष्ठ, कमल सिंह ऐर, कामेश्वर ओझा, राज कुमार श्रेष्ठ, राज कुमार कार्की, अर्जुन दाहाल, लोक वहादुर कटुवाल लगायतका Migration Team को सुझवुझपूर्ण काम, निरन्तरता तथा सम्वन्धित शाखाको टिमले देखाएको अतुलनिय उत्साह र सहयोगले गर्दा नै यो सम्भव भएको हो ।

IT आफैंमा नयां विषय, त्यसमा पनि वैंकको भए भरको सवै हिसाव किताव नयां System मा लैजाँदा हुन सक्ने सम्भावित जोखिमका वारेमा समय समयमा उच्च व्यवस्थापनवाट गम्भिर चिन्ता प्रकट हुने गर्थ्यो । हाम्रो जस्तो ठूलो वैंकमा Pumori Plus III सञ्चालनको परिक्षण भैनसकेको सन्दर्भलाई लिएर यसले Load वोक्न सक्ने हो वा होइन भन्नेमा धेरैलाई आशंका रहेको थियो । तर IT विभागले जुन कार्यशैली अख्तियार गरेको थियो त्यसले Pumori Plus III को Implementation मा कुनै वाधा पुग्ने छैन भन्नेमा IT को Team पूर्ण विश्वस्त थियो । लामो समय देखि वैंकको IT क्षेत्रमा संलग्न रही

RBBSYS हेर्दै आउनु भएका श्री देवेश लोहनी, Pumori Specialist श्री सुमन श्रेष्ठ, Migration Team, Data Center, Network Unit, Software Vendor M/s Mercantile Office System, WAN Service Providers, Regional Manager & Regional IT, Branch IT Focal Points, लगायत सम्वन्धित शाखाका प्रवन्धक सहित सवै कर्मचारीहरू संग परामर्श गरी प्राप्त निर्ष्कष वमोजिम कार्य गरिएको हुंदा नै Implementation Risk थिएन भन्ने वुझ्न जरुरी छ ।

हाम्रो यो अभियानलाई आत्मसात गरी वैंकको आवश्यकतानुसार Pomori Plus III लाई परिमार्जन गरेर Implementation मा साथ दिने मर्कण्टायल अफिस सिष्टम प्रा.लि., WAN Connectivity को व्यवस्था गरेर Online गर्न सहयोग गर्ने Subishu Cable Net तथा Worldlink Communication को योगदान पनि ज्यादै स्मरणिय, प्रशंसनीय तथा धन्यवादयोग्य रहेको छ । यि सवैको कारण नै हाम्रो सफलता प्राप्ती सम्भव भएको हो । अतः सवैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । समय समयमा IT विभाग भित्र हुने वैठक तथा छलफलमा Risk हरूको विश्लेषण गरी Risk Minimize गर्न विभिन्न Techniques & Tools हरूको प्रयोग गर्ने गरिएको छ । प्रत्येक कर्मचारीले गर्ने इमान्दारीपूर्ण काम, भावि दिनको लागि वनाउने योजना, नयांपन ल्याउने प्रयास, विभागको लक्ष, शाखाले पालना गर्नुपर्ने विषयहरू, आ.ले.प. विभाग, मानव संसाधन विभाग, ब्रान्च अपरेशन विभाग, सामान्य सेवा विभाग लगायत सवै क्षे.का.हरूले ठिक ठिक ढङ्गले IT Related काममा साथ दिएकै कारणले यो सफलता हात लागेको हो र आगामी दिनमा अझ वढी संवेदनशिल भएर आफ्नो भूमिका निभाउने हो भने हाम्रो उपलव्धी अझ गरिमामय, उदाहरणीय एवं अतुलनिय वन्नेछ ।

**यान्त्रिकिकरणवाट प्राप्त उपलव्धिहरू :**

**(क) वैंक भित्र भएका परिवर्तनहरू :**

१ सवै शाखा Network मा आवद्ध भएकोले सवै ठाउंमा केन्द्रको पहुंच र नियन्त्रण स्थापित भएको ।

२ Intranet मार्फत Instant Data उपलव्ध हुंदा सवै शाखाको Deposit, Loan आदिको जानकारी सर्वसुलभ भएको ।

३ शाखाहरूवाट पठाउनु पर्ने Report मा भैरहेको ढिलाईको अन्त्य भै सम्वन्धित निकायमा ठिक समयमा Reporting गर्ने परिपाटिको विकास हुनुका साथै वैंकको वास्तविक अवस्थाको विश्लेषण गर्न सहज भएको ।

४ वैंकभित्र Computer Culture को विकास हुनाले सवै कर्मचारी विस्तारै कम्प्युटरमा काम गर्न अभ्यस्त हुंदै गएको ।

५ वैंकिङ्ग कारोवारको क्रममा आन्तरिक वा वाह्य रूपमा हुने किर्ते, जालसाजी र ठगीका घटनाहरू नियन्त्रणमा आएको ।

६ अन्य वैंकहरूमा जस्तै यान्त्रिकिकरण भएकोले कर्मचारीहरूमा आत्मसम्मान र गौरवको अनुभूति हुन गएको ।

७ यान्त्रिकिकरणकै कारण शहरी तथा ग्रामिण क्षेत्रमा अन्य प्रतिष्पर्धि वैंकहरूसंग प्रतिष्पर्धा गर्न सक्षम भएको ।

**(ख) ग्राहकलाई प्राप्त फाइदाहरू :-**

१ देशभर छरिएर रहेका जुनसुकै शाखावाट रकम जम्मा वा भुक्तानीको सुविधा पाउनु (ABBS)

२ देशभित्र होस् वा वाहिर जांदा होस् वैंकको डेविट कार्ड भए ATM वाट रकम झिक्न सक्नु ।

३ छिटो छरितो सेवा पाउनुका साथै रेमिटान्स कारोवार गर्ने ग्राहकले झंझटवाट मुक्ति पाउनु ।

४ E-Banking, SMS Banking, Pay Bill, RBB Remit लगायतका आधुनिक सुविधाहरू पाउनु ।

५ राजस्व जम्मा तथा सरकारी कारोवारमा ए.वि.वि.एस. सुविधा प्राप्त गर्नु ।

**(प्रस्तुती कपिलमणि ज्ञवाली)**

यूनियन गतिविधिको बाँकी अंश

## यू.एन.आई.नेपालद्वारा टुकुचा सफाई कार्यक्रम

जेठ २४ काठमाडौं

विश्व वातावरण दिवशको अवसरमा यूनियन नेटवर्क इन्टरनेशनल (यू.एन.आई) नेपालद्वारा टुकुचा (इच्छुमती) खोलाको सरसफाई कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमको काठमाडौं नगरपालिकाका कार्यकारी अधिकृत लक्ष्मण अर्याल, नार्कका डाईरेक्टर डा.टेक बहादुर गुरुङ्ग, SASK का दक्षिण एशिया निर्देशक डा.शरण के.सी. र रा.स.स.का अध्यक्ष कोमल नाथ बरालले संयुक्त रूपमा शुभारम्भ गर्नुभएको थियो । यू.एन.आई.का नेपालका अध्यक्ष लेख प्रसाद बुर्लाकोटीको स्वागत मन्तव्यबाट आरम्भ गरिएको उक्त कार्यक्रममा यू.एन. आई. सम्वध्द यूनियनका सदस्यहरूको वाक्लो उपस्थिति थियो ।




*सार्वजनिक संस्थान खेलकुद विकास संघ नेपालद्वारा आयोजित व्याडमिन्टन प्रतियोगितामा बैंकको तर्फबाट सहभागी स.चा. दिनेश प्रजापती र रामकृष्ण बुढाथोकी (बाँयाबाट)*

## यौटा यस्तो खवर, जो लेख्नु नपरेको भए हुन्थ्यो ...

०७० जेठ मसान्तको दिन, ५ वालवालिकाहरू मोनिका, रजनी, लिजा, अश्मिता र जनक त्रिशुलीमा पौडने क्रममा वेपत्ता भए । जोसुकै वालवालिका त्रिशुलीमा वेपत्ता हुंदा कसको मन दुख्दैन ? त्यसमाथि रावावैंकका कर्मचारीलाई अझ बढी चोट पऱ्यो किनकी वेपत्ता हुनेमध्येका ३ रावावैंक कर्मचारीका छोरीहरू थिए । मोनिका, रजनी, लिजा रावावैंक शाखा कार्यालय कावासोतीका सहायक पांचौ श्री श्रीकृष्ण रेग्मीका छोरीहरू थिए । विपत्ती कसलाई, कहिले र कसरी आउँछ थाहै हुँदैन तर यसमा सहनुको विकल्प पनि छैन । यस दुखको घडीमा शोक सन्तप्त परिवारजनलाई शोक सहन गर्ने शक्ति मिलोस् रावावैंक समाचार परिवारको तर्फबाट भगवानसंग प्रार्थना ।

## समवेदना

यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभागका उप प्रमुख वालकृष्ण घिमिरे (९६५६) का पिता हरि प्रसाद घिमिरे (७९) को मिति ०७० ।३।२ मा, शाखा कार्यालय थापाथलीका सहायक पाँचौ जगदिश भट्टराईकी माता कमला भट्टराई (९४) र शाखा कार्यालय नेपालगन्जका सहायक पांचौ गोविन्द प्रसाद रेग्मी (१०४००) की माता रेशम कुमारी रेग्मी (७७) को केही पहिले, केन्द्रीय कार्यालय सामान्य सेवा विभागका सबारी चालक बद्रि भुजेल (१०८४१) की श्रीमती निर्मला भुजेलको मिति ०७०।२।३१ मा, शाखा कार्यालय जनकपुरका सहायक चौथो रामदेव ठाकुर (६७०५) का पिता असर्फि ठाकूरको मिति ०७०।१।८ मा, के.का. ट्रेजरी बिभागका सहायक चौथो अर्जुन प्रसाद खनाल (४२८९) की श्रीमती पार्वती खनालको मिति ०७०।२।२ मा, सोही बिभागका उप प्रमूख श्री प्रविणकुमार श्रेष्ठ (८०५०) की माता रत्न कुमारी श्रेष्ठको मिति ०७०।२।७ मा, शाखा कार्यालय थापाथलीका सहायक पांचौ जगदीश भट्टराई (२७२८) की माता कमला भट्टराईको मिति ०७०।२।२३मा ,क्षे.का.विराटनगरका लेखा अधिकृत भोला नाथ पौडेल (१११९५) का पिता काशीनाथ पौडेल, के.का. ट्रेजरी बिभागका सहायक तेश्रो लक्ष्मी प्रसाद खतिवडा (१०८३९) की माता कृष्ण माया खतिवडा र शाखा कार्यालय खांदवारीका सहायक प्रवन्धक विरेन्द्र कूमार शाक्य (४४०६) का पिता शंखरत्न शाक्यको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तीको निम्ती परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK Ltd.

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

# बढुवा

## हालै बढुवा हुनुभएका कार्यकारी निर्देशक तथा नामप्रहरू



**नाम : ज्योतिचन्द्र ओझा**
पद : कार्यकारी निर्देशक
जन्म स्थान : डेढगाउं ९ नवलपरासी
जन्म मिति : २०१५ ।७।७
बैंक सेवा प्रवेश हुँदाको पद र मिति : कृषि अधिकृत २०४० माघ
शैक्षिक योग्यता : एम.बि.ए. ए.आई.टि थाईल्याण्ड



**नाम : माधव राज पन्त**
पद : नायव महाप्रवन्धक
जन्म स्थान : चिती ८ लमजुङ्ग
जन्म मिति : वि.सं.२०१२।८ ।१६
बैंक सेवा प्रवेश हुँदाको पद र मिति: कानुन अधिकृत ०४०।७।२५
शैक्षिक योग्यता :वि.एल.
मातहतका विभागहरू : कर्जा असुली तथा पुनसंरचना, कानुन,
अन्तर शाखा हिसाव मिलान, कम्प्लाएन्स



**नाम : गोपाल चन्द्र शर्मा**
पद : नायव महाप्रवन्धक
जन्म स्थान :मचिना, म्यानमार
जन्म मिति : वि.सं २०१५।१०।२६
बैंक सेवा प्रवेश हुंदाको पद र मिति: कृषि अधिकृत, २०४० माघ १७
शैक्षिक योग्यता : वि.एस्सी. (कृषि)
मातहतका विभागहरू : कन्सोर्टियम तथा पूर्वाधार विकास कर्जा, साना मझौला तथा कर्पोरेट कर्जा, मार्केटिंग तथा विकास, व्यवस्थापन सूचना प्रणाली तथा बजेट



**नाम : गिरिजा नन्द पनेरु**
पद : नायव महाप्रवन्धक
जन्म स्थान : भद्रपुर ५ डडेलधुरा
जन्म मिति :२०१६।८।१२
बैंक सेवा प्रवेश हुंदाको पद र मिति:कृषि अधिकृत २०४० माघ
शैक्षिक योग्यता :वि.एस्सी. (कृषि)
मातहतका विभागहरू : मानव संधाधन, सूचना प्रविधि, कार्ड पेमेण्ट तथा से., कृषि तथा सामाजिक बैंकिङ्ग, तालिम तथा विकास ।



**नाम : भेषराज पन्थी**
पद : नायव महाप्रवन्धक
जन्म स्थान : वाङ्गला ५ गुल्मी
जन्म मिति :वि.सं २०१९
बैंक सेवा प्रवेश हुंदाको पद र मिति : व.स. ०४२ चैत
शैक्षिक योग्यता :एम. ए. वि.एल . त्रि.वि.वि.
मातहतका विभागहरू : ट्रेजरी, वित्त ,सामान्य सेवा, ब्रान्च अपरेसन, सम्पत्ति व्यवस्थापन, हिसाव मिलान कार्यदल

# विविध

**मुद्रास्फीतिः** सामान्य जानकारी
सर्वसाधारणले प्रयोग गर्ने समग्र वस्तु र सेवाहरूको औसत मूल्यस्तरमा लगातार वृद्धि हुने अवस्थालाई मुद्रास्फीति भनिन्छ । अर्को अर्थमा वस्तुको मूल्य बढ्नु र पैसाको क्रयशक्ति घट्नु मुद्रास्फीति हो ।

**मुद्रास्फीतिका कारण**
मुदाको आपूर्तिमा बृद्धिः केन्द्रीय बैंकले जारी गरेको प्रारम्भिक मुद्रा र बैंकहरूले सृजना गरेको साख मुद्राको आपूर्तिमा बृध्दि ।
घाटाको सरकारी वित्त व्यवस्था
जनसंख्या वृद्धि
कर कटौती
वैदेशिक ऋण, लगानी, सहायता, विप्रेषण आयमा उच्च बृद्धि
उत्पादन लागतमा बृध्दिः पूँजी लागत, कच्चा पदार्थको मूल्य, व्याजदर बृध्दि तथा, प्राकृतिक प्रकोपको कारण वस्तु वा सेवाको मूल्य बढेका कारण माग केही घटेपछि माग र आपूर्तिबीच अस्तुलनका कारण मूल्यवृद्धि सृजना भएमा लागतजन्य मुद्रास्फीति सृजना हुन्छ ।

**मुदास्फीतिका किसिम**
१ घस्रने मुदास्फीति वार्षिक मूल्यवृद्धिदर ३ प्रतिशतभन्दा कम भएको
२ हिंड्ने मुदास्फीति वार्षिक मूल्यवृद्धिदर ३ देखि ७ प्रतिशतसम्म भएको
३ दौडने मुदास्फीति वार्षिक मूल्यवृद्धिदर १० प्रतिशतदेखि २० प्रतिशतसम्म भएको
४ तेज (अनियन्त्रित) मुदास्फीति : वार्षिक मूल्यवृद्धिदर २० प्रतिशतभन्दा बढी भएको

**मुद्रास्फीतिका असरः**
उच्च मुद्रास्फीति हुंदा सीमित आय भएका लगानीकर्ता लगानीप्रति उत्शाहित हुंदैनन ।
उच्च मुद्रास्फीति हुंदा मुद्राको मूल्य घटदै जाने हुनाले वचतकर्ताहरू वचतप्रति उत्शाहित हुंदैनन् ।
उच्च मुद्रास्फीति हुंदा व्याजदर पनि उच्च हुने हुँदा लगानीकर्ता अपुग लागानीका श्रोत (कर्जा) खोज्न उत्शाहित हुंदैनन् ।
के सबै मुद्रास्फीति अर्थतन्त्रका लागि असहज हुन्छन ?
उपरोक्त ४ वटा मुद्रास्फीतिमध्ये पहिलो र दोश्रो किसिमको मुद्रास्फीति अर्थतन्त्रको लागि सहज र उत्पादकहरूलाई प्रेरक हुन्छन् भने तेश्रो र चौथो किसिमको मुद्रास्फीति भने अर्थतन्त्रलाई खतरनाक हुन्छन् र यिनीहरूको नियन्त्रण गरिनु आवश्यक हुन्छ ।

(साभार आर्थिक अभियान १९ जेठ)

# बैंकिंग कारोवारमा नैतिकताको प्रसंग

लस् एन्जलस् सिटी बैंकमा नीला चलचित्रकी एक नायिकाले खाता खोलेकी थिईन्, बैंकले उक्त खाता वन्द गरिदिएछ । खाता बन्द भएको थाहा पाएर नायिकाले सोधखोज गर्दा बैंकको इज्जतसंग जोडिएको नैतिकताको प्रश्न उठ्यो । नीला चलचित्रका नायिका बैंकमा आउंदा अन्य ग्राहकले बैंकको प्रतिष्ठामाथि नै प्रश्न उठाउने संकेत पाएर खाता वन्द गरिएको जानकारी उनलाई दिईयो ।

(साभार गो. प. दैनिक)

## भूल सुधार

रावावैंक समाचारको गताङ्कमा निम्न सामग्रीमा हुन गएका भूलहरू निम्नानुसार सुधार गरिएको व्यहोरा अनुरोध छ । सम्पादक

**सरुवा स्तम्भ** : यस स्तम्भमा ले.अ.हेमराज मरहट्टाको सरुवा शा.का. महेन्द्रपुल हुनुपर्नेमा महेन्द्रनगर हुन गएको ।

**पुरष्कृत शाखा**
काठमाडौं क्षेत्र
तृतियः हुनुपर्ने शा.का.भोटाहिटी

## पुरष्कृत कर्मचारी

| सि.नं. | पद | कर्मचारीको नाम | कार्यरत कार्यालय | पुरष्कारको प्रकार |
|---|---|---|---|---|
| १. | चा.ए. | सरस्वती अधिकारी (११३७१) | के.का. वित्त विभाग | सर्वोत्कृट |
| २. | सहायक चौथो | प्रभुराज जोशी (११४२४) | शा.का. वझाङ्ग | उत्कृष्ट |
| ३. | सहायक चौथो | राज कुमार कहार (७६०५) | शा.का.नेपालगन्ज | उत्कृष्ट |
| ४. | सहायक चौथो | हस्त बहादुर शाही (११४७०) | शा.का. दैलेख | उत्कृष्ट |
| ५. | सहायक पांचौ | जगतसिंह खत्री (१०४३७) | शा.का. वझाङ्ग | उत्कृष्ट |
| ६. | सहायक चौथो | विनेश कुमार बन् (११५०५) | शा.का. कुश्मा | उत्कृष्ट |
| ७. | सहायक पांचौ | विश्व घिमिरे (८८१७ ) | शा.का. अमरसिंह चोक | उत्कृष्ट |
| ८. | सहायक पांचौ | श्रीचन् श्रेष्ठ (५८१४) | शा.का. वुटवल खस्यौली | उत्कृष्ट |
| ९ | सहायक पांचौ | शिव गौतम (९३३७) | शा.का. भैरहवा | उत्कृष्ट |
| १०. | ले.अ. | हरिश्चन्द्र भट्ट (१११८१) | मु.शा.का.काठ | उत्कृष्ट |
| ११. | स.ले.अ. | विजयराज घिमिरे (६८८८) | शा.का.थापाथली | उत्कृष्ट |
| १२. | सहायक चौथो | कर्ण बहादुर खड्का (६४४४) | शा.का. वालाजु | उत्कृष्ट |
| १३. | सहायक पांचौ | चण्डिकादेवी श्रेष्ठ (६४४४) | शा.का. सूर्यविनायक | उत्कृष्ट |
| १४. | सहायक चौथो व.वा. | रामभक्त खड्का (४५२३) | शा.का.कीर्तिपुर | उत्कृष्ट |
| १५. | सहायक चौथो | सिताराम कोईराला (९३७६) | शा.का. सिन्धुली | उत्कृष्ट |
| १६. | सहायक पांचौ | विमला विष्ट (९१६४) | शा.का. हेटौंडा | उत्कृष्ट |
| १७. | सहायक चौथो | समित कुमार ठाकुर (११५०३) | शा.का. गरुडाबजार | उत्कृष्ट |
| १८. | सहायक पांचौ | तेजनारायण पासवान (९६२९) | शा.का.वीरगन्ज | उत्कृष्ट |
| १९. | सहायक पांचौ | मोहम्मद अवास (८२५०) | शा.का. राजविराज | उत्कृष्ट |
| २०. | सहायक पांचौ | मोहनकुमार दाहाल (८२१८) | शा.का. इटहरी | उत्कृष्ट |
| २१. | सहायक चौथो | पर्वत थापा (११५५६) | शा.का.विर्तामोड | उत्कृष्ट |
| २२. | सह लेखा अधिकृत | जय प्रसाद शाह (९९१५) | शा.का.धरान | उत्कृष्ट |
| २३. | चा.ए. | सुनिल पोखेल (११३६२) | आ.ले.प.विभाग | उत्कृष्ट |
| २४. | कानुन अधिकृत | विष्णुप्रसाद कंडेल (११३७२) | कानुन विभाग | उत्कृष्ट |
| २५. | स.ले.अ. | कुल बहादुर धिमाल (९२६७) | ट्रेजरी विभाग | उत्कृष्ट |
| २६. | स.ले.अ. | सरोज कोइराला (११९००) | कर्जा विभाग | उत्कृष्ट |
| २७. | स.ले.अ. | भद्रा कुमारी राई (८२७७) | मानव संशाधन विभाग | उत्कृष्ट |
| २८. | कम्प्युटर अधिकृत | विकाश गिरी (११३८६) | सूचना प्रविधि विभाग | उत्कृष्ट |
| २९. | आइं.टि. अफिसर | मुरलीधर भट्ट (११२९७) | का.पे.तथा से. विभाग | उत्कृष्ट |
| ३०. | सवारी चालक | वावुकाजी महर्जन (१११६१) | सा.से.वि. | उत्कृष्ट |
| ३१. | सहायक चौथो व.वा. | जित बहादुर तामांग (१०२१६) | प्र.का.अ.का. | उत्कृष्ट |

### अर्थमन्त्री कोईराला...

अर्थमन्त्रीले सो अवसरमा आगामी बजेटमा घोषणा गरिने केही महत्वपूर्ण कार्यक्रमहरू रावावैंक मार्फत लागू गर्ने सरकारी सोंचको खुलासा समेत गर्नुभयो । सो अवसरमा अर्थ मन्त्रालयका सह सचिव वैकुण्ठ अर्यालले रावावैंकले आफूसंग रहेको सरकारी स्वामित्वको सवल पक्षलाई राष्ट्रको आर्थिक सामाजिक रूपान्तरणमा अत्यधिक उपयोग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । उक्त कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालले रावावैंकको समग्र अवस्थामा सुधार निम्ति जारी नीतिगत प्रयासबारे जानकारी गराउनुभयो भने बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंकको असुलीलाई प्रभावकारी बनाउन सरकारी ऐन कानूनमा रहेका अस्पष्टताहरू हटाउन सरकारसंग आग्रह गर्नुभयो । उक्त समारोहमा बैंक संचालक समितिका सदस्यहरूका साथै बैंकका कार्यकारी निर्देशक,नायव महाप्रवन्धकहरू र विभागीय प्रमुखहरूको समुपस्थिति थियो ।

## नारायणपुरमा राष्ट्रिय वाणिज्य बैंक

वैशाख १४ नारायणपुर (दाङ्ग)

दाङ्गको नारायणपुरमा राष्ट्रिय वाणिज्य बैंकको एक सय वयालिसौं शाखा कार्यालय हालै पुनर्स्थापना गरिएको छ । ०५८ मंसीरमा कमजोर शान्ति सुरक्षाको कारण शाखा कार्यालय तुलसीपुरमा गाभिएको उक्त शाखा कार्यालयको राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालले एक समारोहका बीच समुद्धाटन गर्नुभयो । सो अवसरमा अध्यक्ष ढकालले पूर्ण सरकारी स्वामित्वको रावावैंकले देशमा वित्तीय पहुंच अभिवृद्धि गर्ने उध्देश्यले उक्त शाखा पुनस्थापना गरेको वताउंदै शाखासंग कारोवार गरी पारस्परिक हीत अभिवृद्धिका साथै समग्र अर्थतन्त्रको विकासमा सघाउन स्थानीय जनसमुदायसंग आग्रह गर्नुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले केही वर्ष अघिसम्म धेरै




परिसूचकमा कमजोर हुन पुगेको राष्ट्रिय वाणिज्य बैंक हाल एक परिपक्व र सवल बैंकको रूपमा विकसित भएको वताउंदै बैंकले राष्ट्रिय अर्थतन्त्रको समष्टिगत सुधारमा ध्यान केन्द्रित गरी व्यावसायिक कृषिमा लगानी बढाउने बताउनुभयो । सो अवसरमा श्री शर्माले देशको वित्तिय आवश्यकतालाई दृष्टिगत गरी बैंकले अपनाएको शाखा विस्तारको नीति अनुरूप आगामी ५ वर्षभित्र शाखा संख्या २०० पुर्‍याईने जानकारी दिनुभयो । रावावैंक नेपालगन्ज क्षेत्रका प्रमुख वीर बहादुर चन्दको सभापतित्वमा सम्पन्न उक्त समारोहमा रावावैंक संचालक समितिका सदस्य लक्ष्मण न्यौपाने, दाङ्गका प्रमुख जिल्ला अधिकारी अब्दुल कलाम खां, रावावैंक ब्रान्च अपरेशन विभागका प्रमुख ओमप्रकाश आचार्य, उद्योग वाणिज्य संघ नारायणपुरका अध्यक्ष महेन्द्र दाहाल लगायतका महानुभावको समुपस्थिति थियो ।

### राष्ट्रिय वाणिज्य...

तर्फबाट बुध्दिनाथ भट्टराई,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट देवी पाण्डे,भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तर्फबाट रविन्द्रप्रसाद वस्ती,उर्जा मन्त्रालयका तर्फबाट सन्तोष कुमार दाहाल, सिंचाई मन्त्रालयका तर्फबाट सोमराज बराल, उद्योग मन्त्रालयका तर्फबाट रुद्र बहादुर मल्ल र वाणिज्य तथा आपूर्ति मन्त्रालयका तर्फबाट दीपक राज पाण्डेको प्रतिनिधित्व रहेको थियो । कम्पनी सचिव टेकराज जोशीको संचालनमा सम्पन्न उक्त साधारण सभामा बैंक संचालक समितिका सदस्यहरू ढुण्डिराज पोखेल,शिवादेवी काफ्ले, डा. जितेन्द्र प्रसाद उपाध्याय,



ज्ञानेन्द्र राज कोइराला, वटुक नाथ ढकाल र हरिप्रसाद मुनाकमी, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि सावित्री पौडेल, रावावैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, नायव महाप्रवन्धकहरू माधवराज पन्त, गोपालचन्द्र शर्मा, गिरिजानन्द पनेरु, भेषराज पन्थी , विभागीय प्रमुखहरू



र वरिष्ठ अधिकृतहरूको सहभागिता थियो । वि.सं.२०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा स्थापित यस बैक वि.सं. २०६३ मा कम्पनी ऐन अन्तर्गत दर्ता भएपछि यसअघि सात वटा साधारण सभाहरू सम्पन्न भएका छन् ।◆◆◆

### बैंक शाखा तथा शाखारहित बैकिंगबाट सामाजिक सुरक्षा भत्ता

नेपाल सरकारका अर्थमन्त्री शंकरप्रसाद कोइरालाले आ.व. २०७०/७१ का लागि ५ खर्व १७ अर्व रुपैंयाको बजेट सार्वजनिक गर्नु भएको छ । बजेटमा सामाजिक कार्यमा बैकहरूको सहभागिता बढाउने निम्नानुसारको प्रतिवद्धता व्यक्त गरिएको छ ।

"बैंक शाखा तथा शाखारहित बैकिंग प्रणालीका माध्यमबाट निवृत्तिभरण र सामाजिक सुरक्षा भत्ता रकम उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।"

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : ED Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Kalpataru Printing Press Pvt. Ltd., Kathmandu